# तिलोत्तमा नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड ४) तिलोत्तमा, चैत महिना ३ गते २०७७ साल (संख्या १६**

**भाग : १**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**सम्वत् २०७७ सालको ऐन नं. ५**

**कार्यविधिको नाम : तिलोत्तमा नगरपालिकाको सहकारी ऐन, २०७४**
**(प्रथम संशोधन, २०७७)**

**"तिलोत्तमा नगरपालिकाको सहकारी ऐन २०७४"** प्रथम संशोधन २०७७ गर्न आवश्यक देखिएकोले हालको दफा ६ पछि देहाय बमोजिमको दफा ६क थप गरी संशोधन गर्ने निर्णय गरियो ।

| दफा | हालको व्यवस्था | संशोधन गर्नुपर्ने | कारण | कैफियत |
|---|---|---|---|---|
| ६क | नभएको | १) विशिष्टिकृत सहकारी संघको गठन दफा ६ बमोजिम दर्ता भएका कम्तीमा पाँच वटा बहुउद्देश्यीय र विषयगत संस्थाहरुले आपसमा मिली जलविद्युत आयोजना, रासायनिक मल कारखाना, आवासीय परियोजना, यातायात, भारी | विशिष्टिकृत सहकारी संघको गठन सम्बन्धी व्यवस्था | |

| | | | | |
|---|---|---|---|---|
| | | कृषि उपकरण, फलफूल, जडिबुटी, कृषि तथा पशुजन्य उपज प्रशोधन, भण्डारण, बजारीकरण, चिनी उद्योग, शीत भण्डार, अस्पताल, शिक्षालय, प्राविधिक शिक्षालय, प्रयोगशाला जस्ता ठूला लगानी चाहिने उत्पादन कार्य गर्न वा सदस्यका साझा आवश्यकताका बस्तु वा सेवाको परिपूर्ति गर्न विशिष्टिकृत संघको गठन गर्न सक्नेछन्। यो पूर्ण रुपले व्यवसायिक संस्था हुनेछ। यसलाई कुनै संघ, सहासंघमा प्रतिनिधित्व गर्ने र मतदान गर्ने अधिकार रहने छैन।<br>(२) उपदफा (१) बमोजिमको विशिष्टिकृत सहकारी संघको संचालन सम्बन्धी व्यवस्था लुम्बिनी प्रदेशको कानूनमा तोकिए बमोजिम नै हुनेछ । | गर्नुपर्ने भएकोले | |

**आज्ञाले**

**प्रमाणीकरण मितिः २०७७/१२/१**

**(प्रदिप पौडेल)**

**प्रमुख प्रशासकीय अधिकृत**